प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

पत्र संख्या:-२०८०/०८१

चलानी नम्बरः- ६४४

## घरभाडा लिने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८०/११/२०

यस मन्त्रालयका कर्मचारीहरुको आवास प्रयोजनको लागि तपसिल बमोजिमको मापदण्डभित्रको घर भाडामा लिनु पर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा कार्यालय समयभित्र आइपुग्ने गरी आफुले दिन सक्ने बहाल दररेट खुलाई रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१.भाडा लिनुपर्ने घर विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट उत्तरतर्फ कोशी राजमार्गबाट पुर्वतर्फ करिब ८ किलोमिटरको दुरीभित्र अवस्थित हुनुपर्ने।

२.चारैतिर कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्ने।

३.घरमा विद्युत्त,धारा,किचन,पानी,शौचालयको सुविधा भएको हुनुपर्ने।

४.वहाल लिने घर क्षेत्रमा कम्तिमा ४ कोठा हुनुपर्ने।

५.कम्तिमा १ वटा चारचक्के र ४ वटा दुई चक्के सवारी साधन पार्किङको लागि पर्याप्त ठाउँ उपलब्ध हुनुपर्ने। घरसम्मैको पहुँच मार्ग पिच/ढलान भएको हुनुपर्ने।

६.घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि,सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि,घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी,बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नुपर्नेछ।

७.आफूले भाडामा दिन चाहेको घरजग्गा के कति भाडा दरमा दिन सकिने हो? घर बहाल कर सहित मासिक रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

८.नियमानुसारको घरबहाल कर लाग्नेछ।

९.निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस मन्त्रालयमा निहित हुनेछ।

१०.अन्य कुराहरु यस मन्त्रालयले तोकेबमोजिम हुनेछ।

२०८०।११।२०

रविन कार्की

अधिकृतस्तर सातौं

रविन कार्की

अधिकृत (सातौं)

फोन नं. ०२१-४७४०८३, ईमेलः-mopid.province1@gmail.com,वेवसाइट- https://mopid.koshi.gov.np/